YOUR DESTINATION AT BAGLUNG



HOTEL PEACE PALACE
Tiger Chowk -2, Baglung, Nepal
Tel : 068-520380, 520980 | Mob. 9857620151
E-mail- nileshbgl@ntc.net.np
Web : www.hotelpeaceplace.com

बागलुङ र पोखराबाट एकसाथ प्रकाशित राष्ट्रिय दैनिक

# ढोरपाटन

www.dhorpatannews.com

Dhorpatan National Daily

Anjil Shakya
Managing Director



Feel Like Home
HOTEL THE RAJAN
Baglung-3, Baglung| 9857621364

१२ चैत २०८२ बिहीबार | वर्ष २३ | अंक २०९ | नेपाल सम्वत् ११४६ | 26 March 2026, Thursday | पृष्ठ ४ | मूल्य रु. ५ ।-

## गण्डकी प्रदेश लोक सेवा आयोग छैठौं वर्षमा

### ५ हजारभन्दा बढी पदमा विज्ञापन, ३५३५ कर्मचारी प्रदेश र स्थानीय तहमा सिफारिश



**ढोरपाटन संवाददाता**
पोखरा, ११ चैत

गण्डकी प्रदेश लोक सेवा आयोगले छैठौं वर्षमा प्रवेश गरेको अवसरमा विगत पाँच वर्षको उपलब्धि, चुनौती र भावी योजनाबारे सार्वजनिक गरेको छ। २०७७ चैत ११ मा स्थापना भएको आयोगले छोटो अवधिमै प्रदेश तथा स्थानीय तहमा जनशक्ति व्यवस्थापनमा महत्वपूर्ण योगदान पुऱ्याएको जनाएको छ ।

आयोगले बुधवार आफ्नो पाँचौं वार्षिकोत्सवको अवसरमा हालसम्म प्रदेश र स्थानीय तहका लागि ४ हजार १७ जना जनशक्ति सिफारिस गरेको जनाएको छ । तेस्रो तहदेखि ११ औं तहसम्मको पदपूर्ति गरिएको र सिफारिस भएकामध्ये ४ सय ८२ जना बढुवामार्फत् र ३ हजार ५ सय ३५ जना खुला तथा समावेशी समूहबाट रहेका छन्। सिफारिश हुनेमा प्रदेशतर्फ ७६२ र स्थानीय तहतर्फ २ हजार ७७३ जना छन्। बढुवातर्फ प्रदेशका १४९ र स्थानीय तहतर्फ ३३३ जना छन्।

आयोगका अनुसार हालसम्म कुल ५ हजार ४४९ पदका लागि विज्ञापन प्रकाशित गरिएको छ । तीमध्ये खुलातर्फ २ हजार ५८८, बढुवातर्फ ९२७, महिला ६८६, आदिवासी जनजाति ४८४, दलित २२६, विपन्न खस आर्य १३७, अपाङ्ग ६७, थारु ३९, मुस्लिम ३१ र मधेसी ९९ पद समावेश छन्। त्यसैगरी, आयोगमा कुल ४ लाख ७३ हजार ३४३ दरखास्त परेको तथ्यांक सार्वजनिक गरिएको छ। यसमध्ये पुरुष २ लाख ६९ हजार ९६० र महिला २ लाख ३ हजार ३६३ रहेका छन्। चालु आर्थिक वर्ष २०८२/८३ को फागुनसम्म मात्रै ७२ हजार ४०९ नयाँ दरखास्त परेको छ ।

तहगत रूपमा हेर्दा सबैभन्दा बढी दरखास्त चौथो तह (२,५२,३३१) र पाँचौं तह (१,६९,४७०) मा परेको देखिन्छ । यसले तल्लो तहका सरकारी सेवामा उच्च प्रतिस्पर्धा रहेको देखाउँछ। बुधवार आयोजित पाँचौ वार्षिकोत्सव समारोहमा आयोग सदस्य कल्पना लम्सालले यो विवरण प्रस्तुत गरेकी हुन् ।

आयोगले परीक्षा प्रणालीलाई समयानुकूल बनाउन १५५ वटा पाठ्यक्रम निर्माण तथा परिमार्जन गरेको लम्सालले बताइन ।

यद्यपि उपलब्धिसँगै आयोगले केही संरचनात्मक तथा नीतिगत चुनौतीहरू पनि औंल्याएको छ । समान तहमा सिफारिस हुने व्यवस्थाका कारण कर्मचारीले प्रदेश वा स्थानीय सेवा छाड्ने प्रवृत्ति, बढुवा, समायोजन र नियुक्ति सम्बन्धी मुद्दा अदालतमा जानु र फरक-फरक आदेश आउनुले कार्यसम्पादनमा जटिलता थपिएको जनाइएको छ । आयोगलाई विपक्षी बनाई विभिन्न अदालतमा ७८ रिट निवेदन परेकोमा १७ वटा खारेज भएको, ३ वटामा रिट जारी, ३ वटा निवेदकद्वारा फिर्ता, ९ तामेली र ४६ वटा बिचाराधीन रहेका छन्।

स्थायी प्रकृतिको काममा अस्थायी/करार भर्ना गर्ने र सोको लागि सिद्धान्त र मान्यताविपरीत ऐन कानुननै संसोधन गर्ने प्रवृत्ति पनि एउटा चुनौतिको रुपमा आयोगले लिएको छ । यसैगरी कानुन विपरीत तथा परामर्शविना स्थायी पदपुर्ति गरिने, विपन्न तथा खस आर्य तथा अपांगताको सिफारिशमा देखिएको अस्पष्टता, पुन आरक्षण सुविधा नपाउने कानुनी व्यवस्था कार्यान्वयनमा कठिनाई भएको पनि आयोगले जनाएको छ । केही स्थानीय तहमा अझै दरबन्दी र जनशक्ति योजना स्पष्ट नहुनु, परीक्षा व्यवस्थापनमा प्राविधिक तथा जनशक्ति दबाब रहेको पनि उनले जनाइन् । आयोगले आगामी दिनमा प्रदेश सरकार र स्थानीय तहसँग समन्वय बढाउँदै सेवा प्रणालीलाई अझ प्रभावकारी बनाउने योजना अघि सारेको जनाएको छ ।

आयोगले आगामी दिनमा सेवा प्रणालीलाई अझ प्रभावकारी बनाउन डिजिटल प्रणाली विस्तार गरी अनलाइन आवेदन, परीक्षा र नतिजा व्यवस्थापनलाई थप सहज बनाउने, प्रदेश र स्थानीय तहसँग समन्वय सुदृढ गर्दै जनशक्ति योजना एकरूप बनाउने, परीक्षा प्रणालीलाई अझ पारदर्शी र प्रविधिमैत्री बनाउने, आवश्यकताअनुसार नयाँ पाठ्यक्रम विकास र अद्यावधिकलाई निरन्तरता दिने, समावेशी सिद्धान्तलाई अझ प्रभावकारी रूपमा कार्यान्वयन गर्ने र कर्मचारी टिकाउपन बढाउन नीतिगत सुधारका लागि सरकारलाई सुझाव दिनेसमेत आयोगले भनेको छ। आगामी दिनमा प्रविधिको प्रयोग, नीतिगत सुधार र अन्तरसंस्थागत समन्वयमार्फत आयोगले आफ्नो सेवा अझ प्रभावकारी बनाउने अपेक्षा गरिएको छ ।

प्रदेशको एकमात्र संवैधानिक निकाय यस आयोगमा ३ जना पदाधिकारी (अध्यक्ष १ र सदस्य २ जना) रहने बाँकी पृष्ठ २ मा

## ‘भदौ २५ गते पनि कृषि बजारमा आगजनीको तयारी थियो’

**पोखरा**/भदौ २४ गते कर्फ्यू लगाइसकेको अवस्था र सेना परिचालन भइसकेको अवस्थामा पनि पोखराको पृथ्वीचोक नजिकै रहेको कृषि बजारमा आगजनी गर्ने तयारी रहेको खुलेको छ । तर, सेनाले त्यसलाई नियन्त्रणमा लिएको जेनजी आन्दोलनको छानविनको लागि गठित विशेष अदालतका पूर्व अध्यक्ष गौरीबहादुर कार्की आयोगले तयार पारेको प्रतिवेदनमा खुलेको छ । प्रतिवेदन अनुसार भदौ २५ गते बिहान साढे ८ बजेको समयमा पोखरा महानगरपालिका ९ शान्तिवनमा रहेको कृषि बजारमा जेनजेडको नाममा आगजनी तथा तोडफोड गर्ने योजना बनाएको खुलेको हो ।

‘कृषि उपज व्यवसाय तथा काम गर्ने केही उच्छृङ्खल व्यक्तिहरुले विगतमा कृषि बजार व्यवस्थापन समितिको टेण्डर प्रकृयामा व्यक्तिगत रिसईवी राखी आगजनी तथा तोडफाड गर्न खोजेको भनी प्राप्त सूचना अनुसार तत्कालै नेपाली सेनाको कृष्ण दल गण फूलवारी व्यारेकबाट टोली खटिई गई अराजक गतिविधि गर्नेहरुलाई तरकारी बजारबाट हटाएकोमा कृषि बजार व्यवस्थापन समितिका अध्यक्ष नवराज दुवाडीले प्रशासन शाखा, लेखा शाखा, योजना शाखा, अध्यक्षको कार्यकक्ष, विषादी अवशेष द्रुत विश्लेषण प्रयोगशाला इकाईमा तोडफोड गर्नुका साथै बाँकी पृष्ठ २ मा

## प्रमुख कार्यकारी अधिकृत पदपूर्ति सम्बन्धी सूचना

प्रथम पटक प्रकाशन मिति २०८२/१२/१२

यस धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेडमा रिक्त रहेको प्रमुख कार्यकारी अधिकृत पदमा खुला प्रतिस्पर्धाद्वारा पदपूर्ति गरिने भएकोले देहाय बमोजिमको योग्यता भएका इच्छुक नेपाली नागरिकबाट मिति २०८२ चैत्र २७ गतेसम्म कार्यालय समय भित्र संस्थाको केन्द्रीय कार्यालय, श्रीनगरटोल, बागलुङमा खामबन्दी आवेदन दिन वा वित्तीय संस्थाको ईमेल ठेगाना vacancy@dhaulagiribank.com मा आवश्यक कागजात सहित दरखास्त आह्वान गरिएको छ ।

**१. न्यूनतम शैक्षिक योग्यता तथा अनुभव**:

(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट चार्टर्ड एकाउण्टेन्सी वा व्यवस्थापन, बैंकिङ, वित्तीय, मौद्रिक, अर्थशास्त्र, वाणिज्यशास्त्र, लेखाशास्त्र, तथ्यांकशास्त्र, गणितशास्त्र, व्यापार प्रशासन, जनप्रशासन, ग्रामिण विकास, कृषि, समाजशास्त्र, कानून, सूचना प्रविधि वा कम्प्युटर विज्ञान विषयमा स्नातक उपाधि हासिल गरी बैंकिङ तथा वित्तीय क्षेत्र, सरकारी निकाय, संगठित संस्था, विश्वविद्यालय वा त्यस्तो कार्य गर्ने अन्तर्राष्ट्रिय संघ वा संस्थाको अधिकृत तह वा सो भन्दा माथिको पदमा कम्तीमा तीन वर्षको कार्य अनुभव हासिल गरेको ।

(ख) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २९ को उपदफा ५ (घ) बमोजिम अयोग्य नभएको ।

**२. वाञ्छनीय योग्यता**:

(क) स्नातकोत्तर तह वा सो सरहको उपाधी हासिल गरि कुनै बैंक तथा वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृत/नायब प्रमुख कार्यकारी अधिकृत/व्यवस्थापकीय तहमा कार्य अनुभव भएकालाई विशेष प्राथमिकता दिइनेछ ।

(ख) लघुवित्त वित्तीय संस्था सम्बन्धी व्यवसायिक अनुभव भएको ।

(ग) सूचना प्रविधि प्रयोगको कार्यदक्षता भएको ।

(घ) उमेरको हद दरखास्त दिने अन्तिम मितिसम्म २५ बर्ष पुरा भई ५० वर्ष ननाघेको ।

**३. पेश गर्नुपर्ने कागजात तथा विवरणहरू** :

(क) शैक्षिक योग्यता, कार्य अनुभव, सम्पर्क ठेगाना (इमेल, टेलिफोन/मोबाइल नम्बर, घर वा कार्यालयको ठेगाना) सहितको आवेदकले दस्तखत गरेको विस्तृत वैयक्तिक विवरण (Bio–Data) ।

(ख) पासपोर्ट साइजको फोटो दुई प्रति ।

(ग) प्रमाणित गरेको नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र (विदेशी विश्व विद्यालयबाट प्राप्त शैक्षिक प्रमाणपत्रको हकमा समकक्षताको प्रमाणपत्र समेत) र कार्य अनुभव पुष्ट्याई गर्ने कागजातको प्रतिलिपि ।

(घ) नेपाली वा अंग्रेजी भाषामा दुई हजार पाँच सय (२५००) शब्द नबढाई ४ वर्षको व्यवसायिक योजना (Business Plan) दुई प्रति र सो को Soft copy।

(ङ) कुनै संस्थामा कार्यरत आवेदकले अन्तरवार्तामा उपस्थित हुँदा सम्बन्धित संस्थाको स्वीकृति ।

(च) आवेदन दस्तुर वापत फिर्ता नहुने गरी यस वित्तीय संस्थाको नाममा एन आई सी एशिया बैंकमा रहेको खाता नं. ०७४४१५००१९०४५००२ मा रु २००० (अक्षरुपी दुई हजार मात्र) जम्मा गरेको भौचर ।

(छ) निम्न लिखित व्यहोराको स्वयम् घोषणा :

(अ) पेश गरेका कागजात तथा विवरणहरु अन्यथा भएमा स्वयम् जिम्मेवार हुने ।

(आ) कुनै राजनीतिक दलको सदस्य नभएको ।

(इ) यस संस्थाको ठेक्कापट्टा वा कुनै चलअचल सम्पत्ति कारोबारमा आफै वा आफ्नो एका घरपरिवारका कुनै सदस्य संलग्न नरहेको वा संस्था संग निजी स्वार्थ नभएको ।

(ई) आफ्नो नाममा व्यक्तिगत बेरुजू बाँकी नरहेको ।

(उ) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचविखन, लागु औषध कारोवार, पुरातात्विक वस्तु वा संरक्षित बन्यजन्तु सम्बन्धी कसूर वा नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहर नभएको, कुनै अपराधिक पृष्ठभूमि नभएको ।

(ऊ) प्रचलित कानून बमोजिम कालोसूचीमा समावेश नभएको र भएको भए त्यस्तो सूचीबाट फुकुवा भएको अवधि तीन वर्ष पुरा भएको विवरण ।

(ए) विदेशी मुलुकको स्थायी बसोबासको अनुमति प्राप्त नगरेको ।

(ऐ) नियामक निकायबाट प्रमुख कार्यकारी अधिकृत हुन अयोग्य हुने भनी तोकिएको अवस्था नभएको ।

**४. पारिश्रमिक** :

आपसी समझदारीमा तय गरिनेछ ।

**५. अन्य विवरण** :

(क) आवेदनको खाम बाहिर आवेदकले नाम लेखी “प्रमुख कार्यकारी अधिकृत पदका लागि आवेदन तथा व्यवसायिक योजना” बेग्ला बेग्लै खामबन्दीमा दस्तखत गरी पेश गर्नु पर्नेछ ।

(ख) उम्मेदवारको शैक्षिक योग्यता, कार्य अनुभव र पेश भएको प्रस्ताव र कागजातको मूल्याकंनका आधारमा उम्मेदवारहरुको संक्षिप्त सूची (Short Listing) तयार गरि प्रस्तुतीकरण तथा अन्तरवार्ताको लागि छनौट गरिनेछ ।

(ग) अन्तिम छनौट प्रक्रियामा सहभागि हुने उम्मेदवारले प्रस्तुतीकरण र अन्तरवार्तामा आफ्नो शैक्षिक योग्यता, अनुभव, नेपाली नागरिकताको प्रमाणपत्र एवं दरखास्त साथ पेश गरेका अन्य कागजातहरुको सक्कल प्रति सहित उपस्थित हुनुपर्नेछ। साथै, दरखास्तसाथ पेश गरेको प्रस्तावको आधारमा प्रस्तुतीकरण (Presentation) गर्नुपर्नेछ ।

(घ) कुनै आवेदकले भुट्टा विवरण वा कागजात पेश गरेको ठहर भएमा त्यस्तो आवेदन रद्द गरिने छ ।

(ङ) यस सम्बन्धी थप जानकारी कम्पनी सचिवालयमा उपस्थित भई वा फोन नं. ०६८-५२०९०५ (Ext. ८०१८), मोवाईल नं. ९८४४७३६१०६ मा सम्पर्क गरी लिन सकिने छ ।

कम्पनी दर्ता:– १९२७८३/०७४/०७५ | ने.रा.बैंक/इ.प्रा./“घ”/८५/०७५/०७६

**धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड**
**DHAULAGIRI LAGHUBITTA BITTIYA SANSTHA LIMITED**
“नेपाल राष्ट्र बैंकबाट ‘घ’ वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था राष्ट्रियस्तर कार्यक्षेत्र भएको”
केन्द्रिय कार्यालय: बागलुङ नगरपालिका -२, श्रीनगरटोल, बागलुङ
फोन : ०६८-५२०९०५/५२४३५१
www.dhaulagiribank.com, Email: infodesk@dhaulagiribank.com